# कम्पनी रजिष्ट्रारको कार्यालय

# लगानीकर्ता संरक्षण कोषको सचिवालय

## त्रिपुरेश्वर, काठमाण्डौ

**<u>मुद्दती निक्षेप सम्बन्धी शिलबन्दी दरभाउपत्र आव्हान गरिएको बारे</u>**

**<u>प्रकाशित मिति २०८२/०६/२६</u>**

यस लगानीकर्ता संरक्षण कोषको सचिवालयमा रहेको केहि निक्षेप योग्य रकम एक बर्षको लागि मुद्दती निक्षेपमा लगानी गर्नुपर्ने भएकोले नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त "क" बर्गका इच्छुक वाणिज्य बैंकहरुले आफुले लिन चाहेको निक्षेप रकमका साथै उक्त रकमका लागि प्रस्ताव गरिएको व्याजदर तथा ब्याज भुक्तानी प्रकृया समेत स्पष्ट खुलाई कोषले तोकेको शिलबन्दी दरभाउपत्र सम्बन्धी फाराम भरि मिति २०८२/०७/०९ गते मध्यान्ह १२:०० बजे भित्र यस कोषको सचिवालय वा आर्थिक प्रशासन शाखा (कम्पनी रजिष्ट्रारको कार्यालयमा) पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। रितपूर्वक पेश हुनआएका सिलबन्दी प्रस्तावहरु प्रस्तावकहरुको उपस्थितिमा सोही दिन दिनको २:०० बजे खोलिनेछ ।

पुनश्च: सिलबन्दी दरभाउपत्र सम्बन्धी फारम तथा यस सम्बन्धी विस्तृत विवरण कम्पनी रजिष्ट्रारको कार्यालयको Website: <u>www.ocr.gov.np</u> मा गइ हेर्न तथा Download गर्न सकिनेछ ।

रजिष्ट्रार

# कम्पनी रजिष्ट्रारको कार्यालय

# लगानीकर्ता संरक्षण कोषको सचिवालय

# त्रिपुरेश्वर, काठमाण्डौ

## मुद्दती निक्षेप सम्बन्धी शिलबन्दी प्रस्ताव आव्हान गरिएको बारे।

यस कोषमा रहेको लगानी योग्य रकम रु ४७,००,००,०००।०० (अक्षेरेपी सत्चालीस करोड मात्र) लाई न्यूनतम पाँच करोड देखि अधिकतम वीस करोडका दरले बिभिन्न वाणिज्य बैंकमा मुद्दती निक्षेपमा लगानी गर्नको निमित्त नेपाल राष्ट्र बैंकबाट निर्धारित मापदण्डको अतिरिक्त तल उल्लेखित शर्तहरु पूरा गरेका नेपाल राष्ट्र बैंकबाट बैंकिङ्ग कारोबार गर्न स्वीकृती प्राप्त "क" बर्गका इच्छुक वाणिज्य बैंकहरुबाट मिति २०८२/०७/०९ गते आईतवार अपरान्ह १२:०० भित्रमा कोषको सचिवालय कम्पनी रजिष्ट्रारको कार्यालय काठमाण्डौ स्थित आर्थिक प्रशासन शाखामा प्राप्त हुने गरी आवश्यक विवरण पूर्ण रुपले उल्लेख गरी हालै प्रकाशित वित्तिय विवरणको प्रतिलिपि समेत संलग्न गरी गोप्य सिलबन्दी दरभाउपत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ।

सिलबन्दी दरभाउपत्रको फाराम कार्यालयको वेभसाइट www.ocr.gov.np बाट डाउनलोड गरी प्राप्त गर्न सकिनेछ । सूचनामा तोकिएको दरभाउपत्रको मान्य अवधी कम्तीमा ३५ (पैंतीस) दिन हुनुपर्ने छ । यसरी पेश भएको सिलबन्दी दरभाउपत्रमा आधिकारीक हस्ताक्षर गरिएको हुनु पर्नेछ ।

प्राप्त सिलबन्दी दरभाउपत्रहरु मिति २०८२/०७/०९ गते दिउँसो २:०० बजे र सो दिन सार्वजनिक बिदा पर्न गएमा सो को भोलीपल्ट सोहि समयमा यस कोषको सचिवालय वा आर्थिक प्रशासन शाखा (कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर) मा दरभाउपत्रदाता वा निजका प्रतिनिधीहरु समेतको रोहवरमा खोलिनेछ तर दरभाउपत्रदाता वा निजका प्रतिनिधीहरुको अनुपस्थितीमा पनि दरभाउपत्र खोल्न सकिनेछ । दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार कोषमा सुरक्षित रहेको छ ।

**मुल्यांकनका आधारहरु**

**१.न्यूनतम योग्यता**

(क) बैंक संचालनमा आएको कम्तिमा ५ बर्ष पुरा गरेको ।

(ख) बैंक लगातार पाँच बर्ष देखि मुनाफामा रहेको।

(ग) नेपाल राष्ट्र बैंकबाट तोकिएको न्युनतम पुँजी कोष कायम गरेको ।

(घ) निस्क्रिय कर्जा (NPL) कुल कर्जा सापटको ३ प्रतिशत भन्दा कम भएको ।

(ङ) खुद तरल सम्पति स्वदेशी निक्षेपको कम्तिमा २० प्रतिशत वा सो भन्दा बढी रहेको ।

रजिष्ट्रार

(च) कर्जा/स्वदेशी निक्षेप र प्राथमिक पूँजी अनुपात नेपाल राष्ट्र बैंकले समय-समय मा निर्धारण गरेको सिमा भित्र रहेको ।

(छ) नेपाल राष्ट्र बैंक ऐन,२०५८ को दफा ८६ बमोजिम कारवाहीमा परि समस्या ग्रस्त घोषणा नभएको। समस्या ग्रस्त घोषणा भएकोमा सो फुकुवा भएको एक बर्ष अवधि पुरा भएको ।

(ज) सर्वसाधारणको लागि छुट्याएको सेयर जारी गरि नेपाल स्टक एक्सचेन्ज लि. मा सुचिकृत भएको।

२.<u>दरभाउपत्र छनौटको मुख्य आधार</u>

(क) न्यूनतम योग्यता पुरा गर्ने प्रस्तावदाताहरु मध्येबाट उच्चतम ब्याज दर प्रदान गर्ने आवश्यक संख्यामा प्रस्तावदाताहरु छनौट गरिने ।

३. <u>अन्य शर्तहरु</u>

(क) एउटा बैंकलाई न्यूनतम पाँच करोड देखि अधिकतम वीस करोड सम्म मात्र निक्षेप उपलब्ध गराइने छ ।

(ख) यस सूचना बमोजिम बैंकहरु बाट पेश हुन आएका प्रस्ताब पूर्ण वा आंशिक रुपमा स्वीकार गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कोषमा निहित रहनेछ ।

(ग) यस सूचना बमोजिम भएको मुद्दती निक्षेप सम्झौताको अवधी एक वर्षको हुनेछ । तत्पश्चात कोषको सचिवालयले एक पटकको लागि बजार ब्याज दरको आधारमा सम्झौताको नविकरण गर्न सक्नेछ ।

(घ) विशेष अवस्था परेको खण्डमा बाहेक कोषले मुद्दती निक्षेपमा राखीएको रकम फिर्ता लिन चाहेमा एक महिना अगावै सम्बन्धीत बैंकलाइ जानकारी गराई रकम फिर्ता लिन सक्नेछ ।

<u>नोट</u>: प्रस्ताव पेश गर्ने बैंकहरुले माथि उल्लेखित शर्त तथा नेपाल राष्ट्र बैंकबाट निर्धारित मापदण्ड पुरा गरेको व्यहोराको घोषणा शिलबन्दी प्रस्तावपत्र साथ पेश गर्नु पर्नेछ ।

रजिष्ट्रार

## दरभाउपत्र पेश गर्ने पत्रको ढाँचा

श्री रजिष्ट्रार ज्यू,
लगानीकर्ता संरक्षण कोषको सचिवालय,
त्रिपुरेश्वर, काठमाण्डौ ।

### बिषयः मुद्दती निक्षेपको लागि शिलबन्दी दरभाउपत्र पेश गरेको सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा त्यस कोषमा रहेको रकम वाणिज्य बैंकमा मुद्दती निक्षेपमा लगानी गर्ने सम्बन्धमा तहाँबाट मिति ............................. मा शिलबन्दी दरभाउपत्र आव्हान भए बमोजिम तपसिलमा उल्लेखित सबै शर्तहरु यस बैंकले पुरा गरेको घोषणा गर्दै देहायको तालिकामा उल्लेख भए बमोजिमको ब्याजदरमा सोहि तालिकामा उल्लेख भए बमोजिमको रकम मुद्दती निक्षेपमा लिन ईच्छुक भएकोले सोहि प्रयोजनको लागि यो शिलबन्दी प्रस्ताव पेश गरेका छौं।

**लिन चाहेको निक्षेपको विवरण**

| प्रस्तावित ब्याजदर | | अवधि | लिन चाहेको निक्षेप रकम(रु करोडमा) | | ब्याज भुक्तानी प्रकृया मासिक/त्रैमासिक/अन्य | प्रस्ताव मान्य हुने अवधी |
|---|---|---|---|---|---|---|
| अंकमा | अक्षरमा | | न्यूनतम (अंक र अक्षर दुवैमा) | अधिकतम (अंक र अक्षर दुवैमा) | | |
| | | | | | | |

(क) यस.............................................लि.को मिति .........................................को त्रैमासिक वित्तिय सूचकांक यस प्रकार रहेको छ

| क्र.सं. | विवरण | वित्तिय सूचकांक | कैफियत |
|---|---|---|---|
| १ | पूँजी कोष अनुपात ( Capital Fund to RWA) | | |
| २ | कर्जा निक्षेप अनुपात (CD ratio) | | |
| ३ | निष्कृय कर्जा अनुपात (Non Performing Loan - NPL) | | |

रजिष्ट्रार

CamScanner

| | | | |
|---|---|---|---|
| ४ | प्रति शेयर किताबि मुल्य (Net Worth Per Share) | | |
| ५ | कुल निक्षेप रु ( Total Deposit Rs.) | | |
| ७ | पूँजी कोष रु ( Capital Fund Rs.) | | |
| ८ | चुक्ता पूँजी (Paid Capital RS.) | | |
| ९ | खुद तरल सम्पती/ स्वदेशी निक्षेप अनुपात | | |
| १० | रियल स्टेट कर्जा अनुपात | | |
| ११ | संस्थागत निक्षेप/कुल निक्षेप अनुपात | | |
| १२ | संचालन भएको वर्ष | | |
| १३ | संचित नोक्सानीको अवस्थामा रहे/नरहेको | | |
| १४ | नेपाल राष्ट्र बैंकको शिघ्र सुधारात्मक कारवाहीमा परे/ नपरेको | | |
| १५ | समस्याग्रस्त घोषणा भए/नभएको | | |
| १६ | संचालक, प्रमुख कार्यकारी अधिकृत वा कार्यकारी संचालकलाइ नेपाल राष्ट्र बैंकले जरिवाना वा कारवाहि गरे/ नगरेको | | |

नोट: यस प्रस्तावको अवधिभरमा बैंकको प्रकाशित ब्याजदर प्रस्तावित ब्याजदर भन्दा बढी भएमा मुद्दती निक्षेप प्राप्त गरेको मितिको ब्याजदर कायम गर्न मन्जुर रहेको व्यहोरा अनुरोध छ । आजको मितिमा यस बैंकको प्रकाशित ब्याजदर.......... प्रतिशत (..........अवधीको) रहेको छ । ब्याज भुक्तानी प्रकृया मासिक/ त्रैमासिक मात्र मान्य हुने छ ।

संस्थाका आधिकारिक पदाधिकारीको

दस्तखत.........................................

नाम................................................

पद................................................

सम्पर्क फोन नं..............................................

संस्थाको

नाम........................................

ठेगाना

छाप

मिति

द्रष्टव्यः प्रस्ताव साथ माग गरिएको विवरण खुलाउने कागजात संलग्न गरिएको छ ।

रजिष्ट्रार